एउटै पढे पुग्छ

# समाधान

samadhannews.com | राष्ट्रिय दैनिक

'समावेशी विकासका लागि रूपान्तरित समाधान: पहुँचयुक्त र समतामूलक विश्वका लागि उर्जावान सृजनशीलताको प्रावधान'

- अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभाव कानुनी अपराध हो,
- अपाङ्गताको आधारमा कसैलाई पनि अपमान गर्ने, होच्याउने, दुर्व्यवहार गर्ने र सेवा सुविधाबाट अलग्याउने जस्ता क्रियाकलापहरू नगरौं, नगराऔं ।
- अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरूद्ध खुलेर बोल्ने गरौं,
- अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने विभेद र अत्याचार अन्त्य गरौं ।

३१ औं अर्न्तराष्ट्रिय अपाङ्गता दिवस सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हजारौं मत बदर

## प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा प्रत्यक्ष र समानुपातिकतर्फ मत बदर संख्या ३१ हजार ५ सय ८१ छ

**रिखिराम जिसी**
पोखरा, १५ मंसिर

निर्वाचन आयोगले मंसिर ४ गतेको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा बदर मतको संख्या १ प्रतिशतमा झार्ने दाबी गर्दै आएको थियो ।

आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले पत्रकार सम्मलेन गर्दै भनेका थिए, 'हाम्रो प्रयास शतप्रतिशत सदर हो। ९९ प्रतिशत सदर नै हुन्छ। बढीमा १ प्रतिशत बदर हुन सक्ने हाम्रो अनुमान छ,' यसमा मतदाता जागरुक भएको, वडासम्मै मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको, मतपत्र ठूलो र स्पष्ट भएकाले बदर मत घट्नेछ ।'

निर्वाचन आयोगको लक्ष्य अनुसार बदर मतको संख्या घट्नुपर्ने देशका अधिकांश क्षेत्रमा बढेको देखिएको छ । कास्कीमा पनि त्यसको प्रभाव देखियो । कास्कीमा यस पटकको निर्वाचनमा अघिल्लो निर्वाचनभन्दा बढी मत बदर भएको छ । प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा प्रत्यक्ष र समानुपातिकतर्फ मत बदर संख्या ३१ हजार ५ सय ८१ छ । जुन खसेको कुल मतको करिब साढे ४ प्रतिशत हो । २०७४ सालमा भएका प्रदेश सभा तथा प्रतिनिधि सभा निर्वाचनमा भएको बदर मतभन्दा दोब्बर हो । सो निर्वाचनमा कास्कीमा २.४३ प्रतिशत मत बदर भएको थियो ।

प्रदेश निर्वाचन कार्यालय पोखराका अनुसार प्रतिनिधि सभा प्रत्यक्षतर्फ कास्कीका ३ क्षेत्रमा ८ हजार ४ सय ६२ मत बदर भएको छ । प्रतिनिधि सभा समानुपातिकतर्फ ६ हजार ७ सय ३८ मत बदर भएको तथ्यांकले देखाएको छ । कास्कीका प्रदेश सभाका ६ वटै क्षेत्रमा प्रत्यक्षतर्फ ६ हजार २० र समानुपातिकतर्फ १० हजार ३ सय ६१ मत बदर भएको छ ।




### कास्कीमा बदर मतको स्थिति

| निर्वाचन | खसेको मत | बदर मत |
|---|---|---|
| २०४८ | १ लाख २९ हजार १ सय ८७ | ३ हजार ५ सय ८७ |
| २०५१ | १ लाख ३१ हजार ५ सय ८२ | २ हजार ५ सय ४० |
| २०५६ | १ लाख ४८ हजार २ सय ३५ | २ हजार ९ सय ६८ |
| २०६४ | १ लाख ७७ हजार ३ सय ८७ | ५ हजार ३ सय ९६ |
| २०७० | १ लाख ५२ हजार २ सय ४२ | ५ हजार १ सय ७६ |
| २०७४ | १ लाख ८० हजार ८ सय ४६ | ५ हजार २ सय १५ |
| २०७९ | १ लाख ७८ हजार ८ सय ६ | ८ हजार ४ सय ६२ |

आयोगले २०६४ देखि मतदाता शिक्षाको घरदैलो कार्यक्रम सुरु गरेको हो । हरेक निर्वाचन जसो नै मतदाता शिक्षाका लागि राज्यको लाखौं लगानी भएको हुन्छ । यसपालि पनि स्थानीय तहमार्फत मतदाता शिक्षा कार्यक्रम गरिएको थियो । तर, त्यो प्रभावकारी हुन सकेको छैन ।

मतदाता शिक्षा प्रभावकारी नहुँदा बदर मत बढेको आयोगका पूर्वसचिव शारदाप्रसाद त्रिताल बताउँछन् । ' मतदाता शिक्षा अभावले बढी मत बदर भइरहेको छ । आयोगले मतदाता शिक्षा त सञ्चालन गर्छ । तर, त्यो सञ्चालन गर्ने व्यक्ति/समूहले राम्रोसँग काम गरिदिँदैनन्,' पूर्वसचिव त्रितालले भने ।

आधुनिक प्रविधिको प्रयोग गर्न हिच्किचाहटका कारण धेरै मत बदर भएको पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेती बताउँछन् । विद्युतीय मतदान उपकरणको प्रयोगमा हिचकिचाहटदेखि मतपत्रको डिजाइन, रङ र मतदाता शिक्षाको अभावलगायत कारणले धेरै मत बदर भइरहेको उनको भनाइ छ । 'छाप लगाउने प्रक्रिया, मतपत्रको रङ, मसीको रङ, स्वस्तिक छापको रबरका कारण मत बदर हुन्छ,' उनले भने, 'कहिलेकाहीँ मतदान अधिकृत आत्तिएर वा भुलेर मतपत्रमा हस्ताक्षर गर्न बिर्सने गर्दा पनि मतपत्र बदर हुने गरेको छ ।'

हरेक निर्वाचनमा ठूलो संख्यामा मत बदर भइरहे पनि राजनीतिक दलले गम्भीरतापूर्वक लिएको पाइँदैन । भोट माग्न, प्रचारप्रसार गर्न गाउँ गाउँ पुगे पनि राजनीतिक दलले मतदातालाई मत कसरी हाल्ने भन्नेबारे जानकारी गराएको पाइँदैन ।

निर्वाचनमा सधैजसो नै हुने बदर मतले यसपालि पनि निरन्तरता पायो । बदर मतको विषयमा निर्वाचन आयोगले आधिकारिक धारणा सार्वजनिक गरेको छैन । आयोगले यस विषयमा समीक्षा गरिनसकेको प्रदेश निर्वाचन कार्यालय पोखराका प्रमुख हुमनाथ पराजुलीले बताए । 'सबै तथ्यांक आइसकेको छैन, देशभरिको निकाल्नुपर्छ आयोगले । यसलाई थप समीक्षा गरेर आयोगले निष्कर्ष निकाल्छ,' प्रमुख पराजुलीले भने ।

राजनीतिक दलले मतदाता शिक्षामा चासो नदिएको कार्यालय प्रमुख पराजुलीले बताए । 'राजनीतिक दलको तर्फबाट भोट माग्दा भोट दिनचाहिँ भनियो तर कसरी भोट हाल्नेचाहिँ भनिएन,' उनले भने, 'राजनीतिक दलबाट अलिकति कम सचेतना भएको अनुभव मलाई भयो ।'

मतपत्र धेरै हुँदा भुक्किएर मतपत्र बदर भएको हुनसक्ने कार्यालय प्रमुख पराजुलीले उल्लेख गरे । 'अघिल्लो निर्वाचनमा ३ वटा मतपत्र थियो, अहिले ४ वटा मतपत्र हुँदा मत हाल्दा भुक्किएको पनि हुन सक्छ, मतपत्र धेरै भएका कारणले भुक्किएको भन्ने पनि अनुमान लाग्छ,' उनले भने ।

# महानगरले बाच्छे बुडुवामा फोहोर नफाल्ने

**सञ्जय रानाभाट**
पोखरा, १५ मंसिर

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा क्यालिब्रेसन फ्लाइट (यान्त्रिक परीक्षण) भइसकको छ । नागरिक उड्डयन प्राधिकरणले पुस १७ अर्थात् अंग्रेजी नयाँ वर्षबाट विमानस्थल सञ्चालनमा ल्याउने घोषणा गरेसँगै उडान हुनु पूर्व क्यालिब्रेसन फ्लाइट भएको हो ।

कम्पनीले १ हप्तासम्म गरिएको क्यालिब्रेसन फ्लाइटको प्रतिवेदन बुझाएको छैन । कम्पनीका अनुसार यो प्रतिवेदन तीन सातामा प्राधिकरणलाई बुझाइनेछ ।

पुस १७ मै उडान भर्न अझै थुप्रै खुड्किला पार गर्नुपर्ने अवस्था छ । यसमध्येको पहिलो खुड्किलो पूर्वपट्टिको रिठ्ठेपानी डाँडा कटान हो । १६ मिटर काटेर क्यालिब्रेसन फ्लाइट गरे पनि अझै २४ मिटर काट्न बाँकी छ । पुस १७ अगाडि नै ४० मिटर डाँडा काटिसक्नुपर्ने भए पनि यसको ठेक्का सम्झौता वैशाखसम्म छ ।

विमानस्थल सञ्चालनको अर्को प्रमुख समस्या पोखरा १४ बाच्छेबुडुवामा रहेको ल्यान्डफिल्ड साइट हो । रिठ्ठेपानी डाँडा कटान गरेर निस्किएको माटोले नै ल्यान्डफिल साइट पुरिने हुँदा अहिलेसम्म ल्यान्डफिल्ड साइट पुर्ने काम सुरु भएको छैन । महानगरले मंसिर १८ गते आइतबारदेखि पोखरा १४ मा रहेको ल्यान्डफिल्ड साइटमा फोहोर नफाल्ने पत्र विमानस्थल प्रशासनलाई पठाइसकेको महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारतीले बताए । उनका अनुसार महानगरले मंसिर १८ गतेदेखि बजारको फोहोरलाई अन्तै व्यवस्थापन गर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत भारतीले महानगरले अहिलेसम्म फोहोर फाल्ने अर्को कुनै ठाउँको टुंगो नलगाएको बताए । महानगरले विकल्पको रुपमा १/२ ठाउँ रोजे पनि टुंगोमा नपुगेको उनको भनाइ छ । पोखरा १४ मा जस्तो महानगरले फोहोर नफाल्ने उनले सुनाए । 'कुहिने फोहोर व्यवस्थापन गर्न पोखरा ३२ मा रहेको गण्डकी ऊर्जासँग सम्झौता गर्ने तयारीमा छौं । कुहिने फोहोरलाई हामीहरु सजिलै व्यवस्थापन गर्छौं । बाँकी फोहोर व्यवस्थापनमा हामी छिटै टुंगोमा पुग्छौं,' भारतीले भने ।

> **कुहिने फोहोर गण्डकी ऊर्जालाई दिने तयारी, नकुहिने फोहोर व्यवस्थापन गर्न सक्ने कम्पनीको खोजी**

विमानस्थलबाट उडान भर्न अब साढे १ महिना बाँकी रहँदा ल्यान्डफिल्ड साइटको विकल्पको टुंगो नलाग्दा झनै अन्योल बढेको छ । डाँडा कटानबाट निस्केको माटोले पोखरा १४ को ल्यान्डफिल्ड साइट पुर्ने काम सुरु भएको छैन । माटोले पुर्ने काम सुरु नहुँदा आसपासमा चराचुरुंगीहरुको आवतजावत उस्तै छ । अन्तर्राष्ट्रिय विमानस्थलको रनवेमा चराहरूको बाक्लो आवतजावत भइरहेकै छ ।

विमानस्थलबाट २ किलोमिटरको दुरीमा रहेको ल्यान्डफिल साइट नहट्दा जहाजमा पन्छी ठोक्किने खतरा छ । चराचुरुंगीले आउजाउ गरिहने र उनीहरुको बासस्थान सार्न समय लाग्ने विज्ञहरू बताउँछन् । चराले फूल पार्नेदेखि बच्चा हुर्काउने चक्र सक्न समय लाग्छ । उनीहरुकै भनाइमा यहाँबाट चराको बसाइँ सार्न ल्यान्डफिल साइट छिटो सार्नुपर्ने हुन्छ । यसरी सार्न समय लाग्छ, एकैचोटि गर्न सकिँदैन । चराचुरुंगीलाई अन्यत्र गएर घुलमिल हुन समय लाग्छ । क्यालिब्रेसन फ्लाइट भइरहँदा पनि चराचुरुंगीहरुको उडान बढी देखिएको थियो ।

'हामीले ल्यान्डफिल साइटभन्दा पनि फोहोर मैलाको कसरी व्यवस्थापन गर्न सक्छौं भन्नेतिर ध्यान दिएका छौं । जसले रिसाइकल, ग्याँस निर्माण र पुन:प्रयोग गर्न सकोस् । यसले थोरै मात्र फोहोर निस्कन्छ । नकुहिने फोहोर व्यवस्थापन गर्न सक्ने कम्पनीको खोजीमा छौं,' प्रशासकीय प्रमुख भारतीले भने ।

यसअघि मयेर धनराज आचार्य सहितको टोली भारत पुगेर त्यहाँको फोहोर व्यवस्थापन बारे अनुगमन गरेको थियो । मेयर आचार्य नेतृत्व टोलीले आधुनिक फोहोर व्यवस्थापन गर्न सक्ने ग्यास र मलसमेत उत्पादन हुने गरी प्लान्ट ल्याउने तयारी थालेको प्रशासकीय प्रमुख भारती बताउँछन् ।

तर, तत्काल कुनै ठाउँमा फोहोर फाल्ने र त्यहाँ के के संरचना तयार गर्ने भन्नेतिर महानगर अझै अनिर्णीत छ । तयारीमा पनि जुटेको देखिन्न । त्यसअघि मेयर मानबहादुर जिसी नेतृत्वको ५२ औं कार्यपालिका बैठकले पोखरा २० मा रहेको पस्मराङमा ल्यान्डफिल साइट सार्ने निर्णय गरेको थियो । स्थानीयको विरोध पनि त्यो निर्णय कार्यान्वयन भएन ।

यसपछि मेयर आचार्य नेतृत्वले कार्यपालिका बैठकबाटै पोखरा ३३ मा ल्यान्डफिल साइट स्थानान्तरण गर्ने गरे पनि त्यहाँ पनि स्थानीयहरुले विरोध छ । अहिले महानगरले अर्को ठाउँ पनि हेरेको छ । त्यसबारे सार्वजनिक नभए पनि सुइँको पाएकाहरुले विरोध थालिसकेका छन् । कुहिने वस्तुबाट ग्यास निकालेर प्लास्टिक जन्य वस्तुको रिसाइकलिङ गर्ने प्लान्टसहितको मेसिन सञ्चालन गर्न अझै ६ महिना लाग्ने प्रमुख प्रशासकीय अधिकृत भारती बताउँछन् । उनले यसका लागि पनि अरु कुनै कम्पनीसँग सम्झौतामा जाने सुनाए ।

# धनराज अघिअघि





पोखरा, १५ मंसिर (समाधान)- स्याङ्जा २ बाट प्रतिनिधि सभा सदस्यका लागि नेपाली कांग्रेसका उम्मेदवार धनराज गुरुङले प्रतिस्पर्धी एमालेकी पद्मा अर्याल भन्दा धेरै मत ल्याइरहेका छन् । निर्वाचन भएको १० दिनपछि मात्रै स्याङ्जा २ मा बुधबार मतगणना सुरु भएको हो ।

चापाकोट नगरपालिकाका केही केन्द्र कांग्रेसले कब्जा गरी एकलौटी मत हालेको भन्दै एमालेले उजुरी गरेपछि मतगणना हुन सकेको थिए । निर्वाचन आयोगले भने एमालेले माग गरेको पुनमतदान अस्वीकार गर्दै गणनाका लागि निर्णय गरेको हो । त्यसपछि बुधबार रातिदेखि गणना थालिएको थियो ।

गणनाको सुरुआतमा एमालेकी अर्यालले अग्रता लिएकी थिइन् । तर बिहीबार दिनभर गुरुङले अग्रता कायम राखेका थिए । बिहीबार राति अबेरसम्म पनि उनको अग्रता कायमै थियो । १७ हजार ११५ मत गनिसक्दा गुरुङले ८ हजार ८९९ मत ल्याएका थिए । एमालेकी उम्मेदवार पद्मा अर्यालले ६ हजार ३८९ मत पाएकी थिइन् । यससँगै धनराज अगाडि थिए । राष्ट्रिय स्वतन्त्र पार्टीका टिकराज गुरुङ तेस्रो भइरहेका थिए । स्याङ्जा २ मा ७० हजार १९१ मत खसेको छ । प्रदेश २(१) मा कांग्रेसका भोजराज अर्याल एमालेका मोहन रेग्मीभन्दा अघि थिए ।

# दोलखामा ५०% मतदान

काठमाडौं, १५ मंसिर (समाधान)- दोलखाको १० मतदान केन्द्रमा बिहीबार प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका लागि भएको पुन: मतदानमा ५० प्रतिशत मत खसेको छ । मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठका अनुसार ५० प्रतिशत मत खसेको छ भने निर्वाचन शान्तिपूर्ण तरिकाले भएको छ । ती मतदान केन्द्रमा चारवटा बुथमा ८ हजार ५ सय १४ मतदाता छन् ।

वैतेश्वर गाउँपालिका वडा नं ६ स्थित वैतेश्वर माध्यमिक विद्यालय मतदान केन्द्रको क, ख र ग, वडा नं २ को जनज्योति माध्यमिक विद्यालय पुतलीकाठ मतदान केन्द्रको क र ख, वडा नं ३ कालिढुङ्गा माध्यमिक विद्यालय मतदान केन्द्र क, ख र ग रहेको थियो । कुल १ लाख ६१ हजार ४ सय ५० मतदाता रहेको यस क्षेत्रमा १४ राजनीतिक दल र ७ स्वतन्त्र गरी २१ उम्मेदवार छन् ।

# आजदेखि व्यापार मेला

**समाधान संवाददाता**
पोखरा, १५ मंसिर

पोखरा उद्योग वाणिज्य संघको आयोजनामा राष्ट्रिय औद्योगिक व्यापार मेला शुक्रबारदेखि सुरु हुँदैछ । राष्ट्रको औद्योगिक, कृषिजन्य, हस्तकलाका उत्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, पर्यटनलगायत कृषिजन्य उत्पादनहरुलाई प्रवर्द्धन तथा बजारीकरणमा समेत सघाउ पुन्याउने उद्देश्यले मेला आयोजना गरिएको संघका अध्यक्ष पवनकुमार प्रजापतिले बताएका छन् ।

मेलामा डोमतर्फ ७८, अटोका ४५ र अन्य विभिन्न खालका १ सय २० वटा स्टल गरी करिब २ सय ५० स्टल हुनेछन् । विशेष उत्पादनका लागि केही स्टल रिजर्भ राखिएको छ ।

मेलाका आकर्षणको रुपमा औद्योगिक तथा व्यापार मेला, हस्तकला मेला, कृषिमेला, पुष्पमेला, अटोमेला, सूचना तथा प्रविधिहरुको प्रदर्शनी, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको गतिविधिको प्रदर्शनी लगायत दैनिक उपभोग्य वस्तु घरायसी सरसामान, लत्ताकपडा, शृंगारका सामानको बिक्री वितरण रहेको प्रजापतिले जानकारी दिए ।

मेला गण्डकी प्रदेशको व्यवसाय विस्तारको सम्भावनाको खोजी तथा प्रदेशको पर्यटकीय सम्भावना उजागर गर्ने उद्देश्यमा समर्पित रहेको अध्यक्ष प्रजापतिले जारी गरेको विज्ञप्तिमा छ । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश तथा पोखरा उद्योग वाणिज्य संघले आयोजना गरेको मेलामा गण्डकी सरकार, पोखरा महानगरपालिका एवं नेपाल पर्यटन बोर्ड, पोखराको प्रतिष्ठित व्यावसायिक घराना लक्ष्मी हाउसको उत्पादन समृद्धि स्टिल्स मुख्य प्रायोजक छ ।

मेला प्रवेश गर्न टिकट शुल्क १ सय र विद्यार्थीका लागि ६० रुपैयाँ लाग्नेछ । अवलोकनकर्ताले क्युआर कोडमार्फत् पनि टिकटको भुक्तानी गर्ने तथा मेला स्थलमा रहेका सम्पूर्ण स्टलको जानकारी प्राप्त गर्ने व्यवस्था मिलाइएको छ । मेलामा दैनिक उपभोग्य एवं अन्य सामग्रीमा छुटको व्यवस्था मिलाइएको छ । मेलाको प्रवेश टिकटमा दैनिक आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ ।

मेलाबाट अनुमानित १ करोड आम्दानी, ८५ लाख खर्च र करिब १५ लाख बचत हुने अनुमान गरिएको छ । मेलाबाट बचत भएको रकम उद्यमशीलता प्रवर्द्धन गर्न तथा व्यवसायीको क्षमता अभिवृद्धिका लागि खर्च गरिने आयोजकले जनाएको छ ।

**जनप्रिय बहुमुखी क्याम्पस**
जनप्रिय मार्ग, पोखरा-८ । फो.नं.५७२२८७, ५८१८२२,

**२४ औं साधारण सभा तथा नवौं अधिवेशन सम्बन्धी सूचना**

यस क्याम्पसको नियमावली २०५४ (सातौं संशोधन-२०७६) को नियम ७.३.(२) बमोजिम यस क्याम्पसको २४ औं साधारण सभा तथा नवौं अधिवेशन निम्न मिति, समय र स्थानमा हुने हुदाँ उपस्थितिका लागि सम्पूर्ण सम्मानार्थ संरक्षक एवं सिनेटरज्यूहरूमा सादर अनुरोध गर्दछौं।

कार्यक्रम
मिति : २०७९ पौष २ गते शनिबार
बिहान : ११:०० बजे
स्थान : क्याम्पस प्राङ्गण।

लोकराज भण्डारी
सदस्य-सचिव तथा
क्याम्पस प्रमुख

तारा गिरी
अध्यक्ष
क्याम्पस सञ्चालक समिति



# सम्पादकीय

## महिलालाई समानुपातिककै भर

भर्खरै सम्पन्न भएको प्रतिनिधि सभा सदस्यको निर्वाचन २०७९मा राजनीतिक दलहरुले ९ दशमलव ३३ प्रतिशतमात्र महिला उम्मेद्वार उठाए । निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभामा १० प्रतिशतभन्दा कम महिला उम्मेद्वार छन् । दलहरुले कुनै पनि प्रदेशसभामा १२ प्रतिशतभन्दा बढी महिला उम्मेद्वार उठाएनन् । प्रतिधिसभाको निर्वाचनमा दुई सय २५ जना महिला उम्मेदवार प्रतिस्पर्धा गरेकोमा अहिलेसम्म ९ जना महिला मात्रै निर्वाचित भएका छन् । यो कुल विजयी उम्मेद्वारको ६ प्रतिशत मात्रै हो । प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले ११ क्षेत्रमा महिलालाई उम्मेद्वार बनाएकोमा ४ जना निर्वाचित भए । सत्तारुढ नेपाली काँग्रेसले ५ स्थानमा महिलालाई उम्मेद्वार बनाएकोमा १ मात्र निर्वाचित भएकी छिन ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट २, नेकपा (माओवादी केन्द्र) बाट १ र जनमत पार्टीका १ महिला सांसद निर्वाचित भएका छन् । संविधानले ३३ प्रतिशतको महिला सहभागिता सुनिश्चित गरेकाले दलहरूले समानुपातिकतर्फ सिफारिस गरेका महिलामध्येबाट कम्तिमा ८३ जना चयन गर्नुपर्छ । अहिलेसम्मको निर्वाचनको परिणामलाई केलाउँदा अब बन्ने संसदमा नेपाली कांग्रेसले ३३ प्रतिशत महिला सांसदको प्रतिनिधित्व सुनिश्चित गर्न समानुपातिकबाट कम्तिमा ३० जना महिलालाई सिफारिस गर्नुपर्ने हुन्छ । एमालेले कम्तिमा २६ जना, नेकपा (माओवादी केन्द्र)ले १० जना महिला, राष्ट्रिय स्वतन्त्र पार्टीले ६ जना र राप्रपाले कम्तिमा ५ जना महिला सांसद चयन गर्नुपर्ने अवस्था छ ।

भर्खरै कार्यकाल सकिएको प्रतिनिधि सभाका महिला सदस्यहरुले आम निर्वाचनमा प्रत्यक्षतर्फ समेत एकतिहाई महिला उम्मेद्वार बनाउन संकल्प प्रस्ताव दर्ता गरेका थिए । निर्वाचन आयोगले समेत प्रत्यक्षतर्फ समेत त्यस्तो व्यवस्था गर्न राजनीतिक दललाई निर्देशन दिएको थियो । तर राजनीतिक दलले निर्देशनको परिपालना गरेनन् । जसको कारण दलहरूले समानुपातिकबाट धेरै महिला सांसद चयन गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ । प्रतिनिधि सभामा ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्न संसदमा प्रतिनिधित्व गर्ने दलले एक तिहाई महिला पठाउनु पर्ने बाध्यकारी व्यवस्था गरेको छ । संविधानको धारा ८४को उपधारा ८मा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको एक तिहाई महिला हुनु पर्ने व्यवस्था गरेको छ । प्रतिनिधि सभाको प्रत्यक्ष चुनावबाट कम सख्यामा महिला निर्वाचित भएपछि राजनीतिक दलहरूले समानुपातिक प्रणालीबाट धेरै महिला सांसद छनोट गर्नुपर्ने भएको छ । प्रत्यक्ष निर्वाचनमा महिलाको सहभागिता घटाएका कारण दलहरूले समानुपातिकबाट छनोट गर्दा महिलालाई प्राथमिकता दिनुपर्ने भएको छ । प्रत्यक्षतर्फको चुनावमा कानुनी तथा बाध्यकारी व्यवस्था गर्न सके महिलालाई समानुपातिक प्रणालीमा मात्र भरपर्ने अवस्थाको अन्त्य हुने थियो । महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न कुनै निर्वाचन क्षेत्रलाई तोकेर महिला महिला बीच प्रतिस्पर्धा गराउनेदेखि प्रत्यक्षतर्फ पनि एक तिहाई महिला उठाउने कानुनी व्यवस्था गर्नु आवश्यक छ ।

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायनं,हेमन्तर्तु:,नलनाम संवत्सर,श्रीशाके १९४४,सम्वत २०७९ साल मंसिर १७ गते शनिबार नेपाल सम्बत ११४३ थिंलाथ्व,सन् २०२२ डिसेम्बर ३ तारिक शुक्लपक्ष दशमी तिथि प्रातः ८ वजेर ३१ मिनेटसम्म,उत्तरभाद्रा नक्षत्र विहान ९ वजेर १० मिनेटसम्म,सिद्धियोग,गरकरण,आनन्दादियोग धुम्र,सूर्य वृश्चिक राशिमा,चन्द्रमा मीन राशिमा ।


## राशिफल



वेदनिधि तिमिल्सिना
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ■ धोका हुनेछ,फजुल खर्च वृद्धिले आर्थिक संकट पर्नेछ ।
- **वृष** ■ व्यापारबाट आम्दानी बढ्नेछ, सहयोग मिल्नेछ ।
- **मिथुन** ■ रोकिएका काम बन्ने,सामाजिक काममा अभिरुची ।
- **कर्कट** ■ बाह्य अलमल बढि,चिन्ताले नछोड्ने,यात्रा हुनसक्छ ।
- **सिंह** ■ अनावस्यक विषय बस्तुलाई लिएर तनाव बढ्नेछ ।
- **कन्या** ■ जीवन साथिको सहयोगमा महत्वपूर्ण काम बन्नेछन् ।
- **तुला** ■ अरुको भर परे दु:ख,कष्ट हुने,दिन सामान्य अनुकुल ।
- **वृश्चिक** ■ निर्णय क्षमता घट्नेछ,आर्थिक असन्तुलन बढ्नेछ ।
- **धनु** ■ मानसकि तनाव,पारिवारिक समस्याले छोड्ने छैन ।
- **मकर** ■ जीवन साथीको सहयोगमा काम गर्दा बढि उपलब्धि ।
- **कुम्भ** ■ मान्यजनको सहयोग लिएर काम गर्दा उचित फल ।
- **मीन** ■ अनावस्यक खर्चमा कमि,काममा प्रगति,उत्साह बढ्नेछ ।

# माओवादी: सच्चिने कि सिद्धिने ?



रामराज रेग्मी

यतिखेर यो लेख लेख्न बस्दा प्रतिनिधिसभा र प्रदेशसभाको झण्डै ९० प्रतिसत मत परिणाम प्राप्त भइसकेको छ । हालसम्मको परिणामलाई हेर्दा यस पटकको निर्वाचनमा गठबन्धनका दुई सहयात्री वाम दल नेकपा (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृित समाजवादी) लाई ठूलो धक्का लागेको छ । विगतको राष्ट्रिय निर्वाचनमा ३६ सिट ल्याएको माओवादी अहिले त्यसको आधामा खुम्चिएको छ । एकीकृत समाजवादीलाई राष्ट्रिय पार्टीको सूचीमा आउन धौ धौ परेको छ । विशेष गरी नेकपा (माओवादी केन्द्र) प्रतिको धक्का आफू संलग्न भएको पार्टीको नाताले मेरो निम्ति बढी चिन्ताको विषय हुनु स्वभाविक हो ।

म व्यक्तिगत रुपमा पार्टी कार्यकर्ता र नेताहरूलाई निर्वाचनको गम्भीर समीक्षा गरी निर्वाचनका क्रममा भएका कमी, कमजोरी हटाएरअघि बढ्न अनुरोध गर्दछु । हुन त पार्टीले प्रत्येक घटनामा समीक्षा गर्ने गरेको छ । तर मेरो अनुभूतिमा अहिलेसम्मका समीक्षाहरू केवल समीक्षाका लागि मात्र गरिएका छन्, सच्चिनका लागि गरिएजस्तो लाग्दैन । गल्ती भएछ भन्ने तर गल्ती नसपार्ने एक किसिमको रोग पार्टीलाई लागेको छ । अब यो अवस्था कुनै हालतमा दोहोरिन हुन्न । कि हामी सच्चिनु पर्दछ, कि सत्यानासको बाटो रोज्नु पर्दछ, हाम्रा सामु यी दुईभन्दा अरू विकल्प छँदा पनि छैनन् ।

निर्वाचनका सवालमा हामी कहाँनेर चुक्यौं त ? मेरो विचारमा हामी धेरै ठाउँमा चुकेका छौं । हामीले निर्वाचनपूर्वका गल्ती पनि केलाउनु पर्दछ । शृङ्लाबद्ध धेरै घटनाको परिणाम कुनै एक घटनापछि विस्फोटन हुन सक्छ । पहिलो चुकाइ त पार्टी जनताबाट टाढा हुनु नै हो । माओवादी नाम पार्टीले भिरेको छ, तर वास्तविक जनाधार मजदूर, किसान र उत्पीडित दलित समुदायबीच पार्टी छैन । यो यथार्थ तस्वीर हो ।

गाउँमै जन्मे हुर्केका अत्यधिक नेता आज गाउँमा छैनन्, कि तिनीहरू जिल्लाका सदरमुकाममा छन् कि राजधानीमा केन्द्रित छन् । गाउँमा त केवल भोट माग्ने समयमा मात्र पुग्ने गरिएको छ । जति पार्टी सदस्य छन्, त्यतिभन्दा भोट नआउनुको मतलव जनताबाट नपत्याइनु हो ।

दोस्रो हामी चुकेको ठाउँ संगठन निर्माणमा हो । पार्टीले केही समयअघि राजधानीमा महाधिवेशन गरी नेतृत्व चुन्यो । तर उक्त कार्य केवल निर्वाचन आयोगबाट पार्टीलाई नवीकरण गर्ने कार्यमा मात्र सीमित भयो । अध्यक्षको चयनपछि लामो समयसम्म पार्टीका माथिल्लो तहका कमिटीहरू स्थायी समिति, पोलिटब्युरो, विभागहरू जनवर्गीय संगठनहरू बनाइएन । पार्टीका अध्यक्षपछिका पदहरूमा आकांक्षी धेरै भए भनी पार्टी केही समयसम्म अनिर्णयको बन्दी बन्यो र आखिरमा एउटा पदमा धेरै जनालाई राखेर केवल औपचारिकता पूरा गरियो ।

धेरै बिराला एक ठाउँमा जम्मा भएपछि मुसा मार्न सक्ने सवाल थिएन । यो रोग तलका कमिटीहरूमा पनि देखियो । निर्वाचन आयोगले निर्वाचनको घोषणा गरिसक्दा पनि स्थानीय तहका कमिटीहरूले पूर्णता पाइनसकेको अवस्था रह्यो । यसरी माओवादी केन्द्र संगठन निर्माण गर्ने कार्यमा उल्झनमा फँस्दा जनताका बीचमा प्रचारप्रसारका कामहरू हुन सकेनन् । चुनाव जित्नका लागि त्यसलाई जिल्ला र गाउँ हाँक्ने बलियो पार्टी निर्माण गर्न सकिएन ।

तेस्रो हामी चुकेको गठबन्धन सरकारमा छँदा संसदबाट एमसिसीलाई पारित गराउने विषय हो । सुरुमा त पार्टीले अडान पनि लियो र आपत्तिजनक बुँदाहरू नसच्याई कुनै हालमा पनि एमसिसि पारित गरिन्न भनी अड्डी पनि लियो । तर जब अमेरिकी दबाबबाट शेरबहादुर देउवा जसरी पनि पारित गर्न भनी अघि सरे, तब नेकपा (माओवादी केन्द्र) को नेतृत्वले पनि अडान लिन सकेन । आखिर साम्राज्यवादी दबाबलाई सामना गर्न नसकी जनता र कार्यकर्तालाई १२ बुँदे सङ्कल्प प्रस्तावको लालीपप देखाएर पारित गरियो ।

प्रमुख विषय पारित भइसकेपछि तपसिलका बेहोराको कुनै अर्थ रहँदैनथ्यो । स्थायी समितिको बैठकमा एमसिसीको सवालमा फरक मत राखिएकोमा स्थानीय निर्वाचनपछि समीक्षा गर्ने भनियो, तर न त नेतृत्वले त्यसबारे एजेन्डा राख्यो, न त फरक मत राख्नेले त्यसको खोजी नै गरे । त्यतिमात्र होइन, एमसिसीको विपक्षमा आवाज उठाउने केही हस्तीलाई निर्वाचनमा टिकट दिनबाट समेत बन्चित गरियो अथवा टिकट दिए पनि बलियो प्रतिद्वन्दी भएका ठाउँमा दिइयो ।

एमसिसीका साथै देशको राष्ट्रियतामा सिधै घात पुग्ने खालको नागरिकता विधेयक पारित गर्ने कार्यमा माओवादी सांसदहरू कस्सिएर लागे । विदेशी हस्तक्षेपको विरोध गर्ने कार्यमा माओवादीले जुन छवि कायम गरेको थियो, त्यसमा एमसिसी र नागरिकता विधेयकका कारण दाग लाग्दा देशप्रेमी जनता चिढिनु स्वभाविक हो । राष्ट्रवादी नागरिकको भोट यस कारणले पनि गठबन्धनका वाम दलहरूले पाउन सकेनन् ।

निर्वाचनमा माओवादीले धक्का खानुको चौथो तर महत्वपूर्ण कारण नेपाली कांग्रेससँगको चुनावी गठबन्धन हो । निश्चय नै ओलीले संविधानमा अधिकार नहुँदा नहुँदै आफ्नो पक्षको राष्ट्रपति छ भनेर संसद बिघटन गरेर इतिहासमा अक्षम्य अपराध गरे । उनले एक पटकमात्र होइन, दुई दुई पटकसम्म पनि जानाजान संविधानमाथि हस्तक्षेप गरे । उनको सिंगो पार्टीसमेत उनले गरेको काममा सती गयो । त्यसका विरुद्ध गठबन्धन कायम गर्नु र अदालतमा जानु स्वभाविक थियो । गठबन्धन सरकारमा जाने कार्यलाई पनि स्वभाविक नै मान्नु पर्छ ।



**अहिलेसम्मका समीक्षाहरू केवल समीक्षाका लागि मात्र गरिएका छन्, सच्चिनका लागि गरिएजस्तो लाग्दैन**

तर निर्वाचनको सवालमा गठबन्धन गर्नु कुनै हालतमा उपयुक्त थिएन । नेपाली कंग्रेस र नेकपा (माओवादी केन्द्र) बिलकुल फरक सिद्धान्त र दृष्टिकोणमा आधारित दल हुन् । विचारका आधारमा चुनावमा गइन्छ र जनताले पनि विचार बुझेर मत हाल्छन् । आआफ्ना प्रतिवद्धतापत्र आउनुको कारण यही हो । तर सँगै गठबन्धन गरेर जाँदा जनताले जितेमा कुन प्रतिवद्धता पत्र अनुसार काम गर्छौं भनी प्रश्न गरे । तिनीहरूको प्रश्न जायज थियो र त्यसमा चित्तबुझ्दो जवाफ दिन सकिएन र दिने ठाउँ पनि थिएन । नेपाली कांग्रेस शान्तिवार्ता र संविधान निर्माणको सहयात्री भएकाले संविधानको रक्षाका खातिर गठबन्धन उपयुक्त छ भन्ने तर्क माओवादी नेतृत्वले अघि सार्‍यो । तर गिरिजाको भूमिका जे थियो त्यही भूमिका शेरबहादुरको हुन्छ भन्ने हुँदैन ।

ओलीले संसद बिघटन गर्दा सुरुमा देउवा निर्वाचनको पक्षमा थिए । उनी ओलीकै कित्तामा उभिएर संसद विघटन सही छ भन्नसम्म पुगेका थिए । तर पछि रामचन्द्र लगायतले सम्झाएपछि जब प्रधानमन्त्री हुने सम्भावना देखे, तब नै संसद बिघटनको विपक्षमा उभिएका हुन् । स्पष्ट छ, उनले ओलीका गलत कार्यको विरोध सत्ताको लोभका कारणले मात्र गरेका हुन् । निर्वाचन हुनुभन्दा अघि नेकपा (माओवादी केन्द्र) का कतिपय कार्यकर्ताले विजातीय गठबन्धनमा जान हुँदैन भनी सुझाव दिएका थिए । तर त्यसमा सुनुवाइ भएन । आखिर परिणाम जे हुन्छ भनी सोचिएको थियो, त्यही भयो ।

नेकपा (माओवादी केन्द्र) ले नेपाली कांग्रेसभित्र गठबन्धनको सवालमा अन्तर्विरोध छ भन्ने कुरालाई नजरअन्दाज गर्‍यो । नेपाली कांग्रेसको गगन-शेखर पक्ष एक्लै निर्वाचन लड्नुपर्छ भनी पार्टीमा लडिरहेको थियो । नेपाली काङ्ग्रेसभित्रको अन्तर्विरोध सतहमा छरपष्ट भएर उत्रिएको थियो । तर माओवादी नेतृत्व त्यसमा गम्भीर भएन र नेपाली कांग्रेससँग गठबन्धन गरेपछि काङ्ग्रेसहरू एकमत भएर मत दिन्छन् भनी विश्वास गर्‍यो । यो गम्भीर भूल थियो ।

निश्चय नै निर्वाचनमा माओवादीका सोझा कार्यकर्ता इमान्दार देखिए र मत हालेर नेपाली काङ्ग्रेसलाई जिताए पनि । नेपाली काङ्ग्रेस माओवादीकै काँधमा टेकेर रुख चढ्यो । तर त्यसका केही नेता र कार्यकर्ताले नेकपा (माओवादी केन्द्र) का उमेद्वारलाई मत दिएनन् । प्राय जसो ठाउँमा घण्टीमा हाले, केही ठाउँमा हलोमा हाले त कहीं सूर्य चिन्हमा पनि मत हाले ।

जुन रवि लामिछानेको दल छ, त्यससँग गगन थापा समूहको साँठगाँठ पनि देखियो । रविले सुरुमा काठमाडौंको जुन क्षेत्रबाट उम्मेद्वारी दिन्छु भनेका थिए, त्यहाँ गगन उठ्ने भनेपछि उनी चितवन गए । काठमाडौंका सबै निर्वाचन क्षेत्रमा उमेद्वारी दिने रविको पार्टीले आखिर गगन उठेको क्षेत्रमा मैदान खाली गरिदियो । कुरा प्रष्ट छ, रविको घण्टीको उभार ल्याइदिने र माओवादी ताछ्ने त्यही कांग्रेसको गगन समूह हो ।

उखानै छ, बुढी मरी भनेर नरुनू, काल पल्कियो भनी रुनू । अब यी घटनाबाट माओवादी पार्टीले पाठ सिक्न जरुरी छ । सबैभन्दा महत्वपूर्ण कुरो पार्टीको जग निर्माण गर्नु हो । पार्टीले त्यस कार्यलाई बढी महत्व दिनु पर्दछ । सरकारमा सहभागी हुने सम्बन्धमा अहिलेको निर्वाचनको परिणाम हेर्दा वाम एकतामा जोड दिनु आवश्यक छ । निर्वाचनको तीतो परिणाम आखिर एमालेले पनि भोगेको छ । साख जोगाए पनि त्यसका धेरैजसो हस्ती पल्टिएका छन् । राजनीतिमा प्रतिशोधभन्दा पनि आफ्नो शक्ति कसरी बलियो बनाउन सकिन्छ भनी सोच्नु पर्दछ ।


**वर्गीकृत विज्ञापन डिस्प्ले**

**सेप्टी टंकी सफाई गर्नुपरेमा**
सम्पर्क
9802815296
9802815293

**बेकरी तथा रेष्टुरेन्ट बिक्रीमा**
लामाचौर इन्जिनियरिङ क्याम्पस गेट नजिकै, अत्यन्तै चालु अवस्थामा रहेको बेकरी एण्ड रेष्टुरेन्ट विविध कारणबस बिक्रीमा ।
नोट: सामान मात्र पनि बेच्न सकिने
सम्पर्क: ९८५६०-४६५७४, ९८१६६-७०३७५

**तु-आवश्यकता**
तन्दुरी कुक: २ जना
कुक हेल्पर: २ जना
वेटर : ५ जना
सम्पर्क:
सुरज नान हाउस
बगर-१, पोखरा
फोन नं.: ९८०४१-२०२७१

**अर्जेन्ट आवश्यकता**
No Interview
Direct Job
साधारण : ५ जना
S.E.E : ७ जना
+2 above : ५ जना
तलब: १४,००० देखि १८,००० सम्म
नोट: दशै अफर+डबल बोनस
Contact:
98066-46755

**TEACHER WANTED**
Sagarmatha Niketan School, Nayabazar, Pokhara-09 is looking for a Secondary Level Computer Teacher.
Deserving candidate with minimum two years of teaching experience may apply for the above. For more information contact at: 061-553798, 061-570798, 9856034522

**कर्मचारी आवश्यकता**
New Office सञ्चालनको लागि
साधारण: ३ जना
SEE : ५ जना
+2 above: २ जना
तलब: १३५०० देखि १९५०० सम्म
सुविधा: दैनिक गाडीभाडा + मासिक बोनस
सम्पर्क: 9825126111 / 984664627

**बेकरी पसलको सामानहरू बिक्रीमा**
१) ग्याँस ओभन-२ डेकर-१ थान
२) स्पाइरल फुड मिक्चर- १ थान
३) सोकेस फ्रिस- २ थान
४) आईस क्रिम फ्रिज- १ थान
५) वेकरी तासी- १ थान
पोखरा-१, बगर
९८०४१-७४६३४, ९८४०२-२७४८५

**कर्मचारी आवश्यकता**
सेल्स अफिसर- १ जना (टायल्स मार्वल सेनेटरी सम्बन्धि अनुभव भएको)
हेल्पर- २ जना
टायल्स, मार्वल लोड अनलोड गर्न सक्ने, साधारण लेखपढ) बस्नको पनि सुविधा भएको
सम्पर्क: ९८१५१-६७७९९, ०६१-५८७०४७

**पसल बिक्रीमा**
पृथ्वीचोक स्थित चालु अवस्थामा रहेको जुत्ता, चप्पल पसल विशेष कारणबस तु-बिक्रीमा छ।
सम्पर्क: ९८२७१-९९५८६

**आवश्यकता**
लेकसाइडस्थित एक होटलका लागि निम्न कर्मचारी आवश्यकता ।
डिसवासर- १ जना
(खाना र बसोबासको व्यवस्था छ।)
सम्पर्क: ०६१-४६७०६६, ९८५६०५६९२०

**जग्गा बिक्रीमा**
पोखरा १२ चापापानीमा १३ बाइ ३७ को सानो घडेरी बिक्रीमा छ। गगनगौंडामा १८ हातको घडेरी बिक्रीमा ।
सम्पर्क: ९८४६०-५९७६२

**Gas Gyeser**

जाडो मौसममा तातोपानीको लागि सस्तो र भरपर्दो माध्यम Gas Gyeser जडान गरी ढुक्क हुनुहोस् ।
सम्पर्क:
न्यू पायोनियर इन्टरनेशनल, पोखरा-१०, चाउथे
98560-18488

**घडेरी बिक्रीमा**
पोखरा-२७, तालचोक नजिकै हमालचोकदेखि लक्ष्मी मा.वि. जाने पिच बाटोमा पर्ने ३६ हातX३९ हातको घडेरी तु-बिक्रीमा छ ।
सम्पर्क: ९८१६६-१०३५७

**अर्जेन्ट चाहियो**
सिर्जना चोक स्थित नयाँ अफिसको लागि
साधारण- ५ जना
SEE- ५ जना
+2 above- ४ जना
तलब: १३,५००- १९,५०० सम्म
Contact: 98166-22792, 98462-58752
नोट: नयाँ अफिस भएकाले पहिला आउनेलाई प्राथमिकता।

**रेष्टुरेण्ट बिक्रीमा**
अति व्यस्त सडक पोखरा - ८ न्यूरोडमा अवस्थित अति व्यस्त रेष्टुरेण्ट तथा पार्टी प्यालेस लामो समयको भाडा सम्झौतासहित बिक्रीमा छ ।
इच्छुकले मात्र सम्पर्क राख्नुहोला ।
मूल्य : आपसी समझदारीमा
सम्पर्क : ९८५६०६४१४३
जीवन शर्मा

## विश्व एड्स दिवस मनाइयो



पोखरा, १५ मंसिर (समाधान) - स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश, स्वास्थ्य कार्यलय कास्की, पोखरा महानगरपालिका र राष्ट्रिय एचआइभी एड्स महासंघ गण्डकी प्रदेशको संयुक्त आयोजनामा विश्व एड्स दिवस मनाइएको छ । अहिलेसम्ममा गण्डकी प्रदेशमा एचआइभी संक्रमितको संख्या ३ हजार ६ सय २३ छ ।

अहिले प्रदेशमा १० एआरटी साइटमार्फत २ हजार ५ सय ३७ संक्रमितले एन्ट्री रेट्रो भाइरस लिइरहेको तथ्यांक छ । एड्सको अन्त्यका लागी समानताको सुनिश्चतता भन्ने पुल उद्देश्य बोकी १ डिसेम्बर २०२२ को अवसरमा दिवस मनाइएको हो ।

सन् २०२१ को अन्त्यसम्ममा विश्वमा ३ करोड ८४ लाख मानिसमा एचआइभी संक्रमण भएको अनुमान गरिएको छ । हाल नेपालमा ३० हजार मानिसमा एचआइभी एड्स भएको अनुमान छ ।

कार्यक्रममा सृजना बराल, लक्ष्मण बसौला, रव्न्द्र वास्ताकोटी, मनोजकुमार गुरुङ, स्वास्थ्य कार्यलय कास्कीका प्रमुख बद्रीराज आचार्य र कम्युनिटी सपोर्ट ग्रुपका कार्यकारी निर्देशक दिलीप गुरुङले बोलेका थिए ।

# महिलालाई सक्षम बनाउन तालिम

**समाधान संवाददाता**
पोखरा, १५ मंसिर



महिलालाई सीप सिकाएर आत्मनिर्भर बन्न सघाउने उद्देश्यले विभिन्न तालिम, सेमिनार, अनुदान, अन्तर्क्रिया भइरहन्छन् । यही उद्देश्यले बिहीबारबाट एक हप्ते नम्किन, दुनट बनाउने र प्याकेजिङ तालिम सुरु भएको छ ।

सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा 'सक्षम महिला, समानान्तर पाइला' कार्यक्रम अन्तर्गत प्रेरणा नेपाल कास्कीले तालिम आयोजना गरेको हो । २० प्रशिक्षार्थी सहभागी तालिम पोखरा महानगरकी उपमेयर मञ्जुदेवी गुरुङले सुरुआत गरिन् । आर्थिक रुपमा आत्मनिर्भर भए लैंगिक समानता, हिंसा न्यूनीकरणका लागि समेत सहयोग पुग्ने उनको भनाइ छ ।

महिलाको उत्थान र सशक्तीकरणका लागि ३ तहकै सरकार र नागरिक समाज मिलेर काम गर्नु जरुरी रहेको उनको भनाइ छ । उपमेयर गुरुङले भनिन्, 'आधा आकासलाई आधा ठाउँ नदिएसम्म समृद्धि सम्भव छैन । यसका लागि सबै तहका सरकार र नागरिक समाजको सहकार्य जरुरी छ ।'

तालिमकका प्रशिक्षक महेश श्रेष्ठले १ हप्तामै दुनोट र नम्किन बनाउने सीप सिक्न सकिने बताए । चाडै सिक्न सकिने र बजारको समस्या पनि नरहेकाले यसबाट लाभ लिन उनले प्रशिक्षार्थीलाई आग्रह गरे ।

संस्थाकी अध्यक्ष मीना गुरुङले प्रेरणा नेपालले नाम जस्तै महिलालाई अघि बढाउन प्रेरणा दिने गरी काम गर्ने बताइन् । उनले भनिन्, 'हामीकहाँ कुरा धेरै भयो, हामी काम नै गरेर, सीप सिकाएर, उत्प्रेरित गरेर महिलालाई अघि बढाउन लाग्छौं ।' गत वर्ष स्थापना भएको प्रेरणा नेपालले महिला सशक्तीकरण, सचेतना र आर्थिक विकासका लागि विभिन्न कार्यक्रम गर्ने लक्ष्य लिएको छ । कार्यक्रम सञ्चालन दीपा शर्माले गरेकी थिइन् ।

# पोखरा १५ मा कपाल काट्ने तालिम

**समाधान संवाददाता**
पोखरा, १५ मंसिर

पोखरा महानगरपालिका वडा नम्बर १५ को आयोजनामा एक महिने कपाल काट्ने तालिम सम्पन्न भएको छ । युवालाई स्वरोजगार बनाउन सकिन्छ भन्ने उद्देश्यले व्यवसायिक सीपमूलक कपाल काट्ने तालिम वडा नम्बर १५ का १० जना युवालाई तालिम दिइएको वडा नम्बर १५ का वडाध्यक्ष तोरणबहादुर बानियाँले बताए ।

प्रशिक्षार्थीले एक हप्तासम्म वडावासीको निशुल्क कपाल काटिरहेको पनि बानियाँले बताए । वडा सदस्य आशीष भण्डारीले पोखरा १५ स्थित सिद्ध मावि फलेपाटनका १ सय ५० विद्यार्थी र वडामा आउने वडाबासी गरी हप्ताभरिमा लगभग ३ सय जनाको कपाल काटिएको बताए ।

सिद्ध माविका प्रधानाध्यापक गुरुदत्त कोइरालाले वडा नम्बर १५ को एकमात्र सामुदायिक विद्यालयका विद्यार्थीलाई निशुल्क कपाल काट्ने सुविधा दिएकोमा धन्यवाद दिए । काट्ने तालिम व्यवसायिक प्रशिक्षक गंगादेवी गुरुडले सिकाएकी थिइन् । युवा स्वरोजगार अन्तर्गतको यस तालिममा पोखरा महानगरपालिका वडा नं. १५ र ग्लो संस्थाको सहकार्यमा थियो ।

# मुस्ताङका महिला उद्यमीको अध्ययन

**सुन्दरकुमार थकाली**
जोमसोम, १५ मंसिर

मुस्ताङमा विद्युतीय(डिजिटल) युगमा नेपाली महिला उद्यमीको अवस्था र उद्यममा लैंगिक विभेदसम्बन्धी अनुसन्धानात्मक अध्ययन सुरु गरिएको छ । दक्षिण एसियाली महिला विकास मञ्चको आयोजना र एसिया प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक आयोग प्रर्वद्धक रहेको कार्यक्रमले मुस्ताङको महिला उद्यमीको अवस्था पत्ता लगाउनेछ ।

मुस्ताङ महिला उद्यमी संघको समन्वयमा बुधबार मुस्ताङको घरपझोङ गाउँपालिका ३ पुथाङ एअरपोर्टमा महिला उद्यमी अनुसन्धान सुरु गरिएको हो । सो अवसरमा महिला उद्यमीलाई विभिन्न प्रश्न भर्ने फाराम भर्न लगाई विद्युतीय



(डिजिटल) अध्ययन सुरु गरिएको हो । मुस्ताङका महिला उद्यमीको अवस्था र उनीहरुलाई उद्यम विकासमा थप प्रोत्साहित गर्ने उद्देश्यले दक्षिण एसियाली महिला विकास मञ्चको आर्थिक सहयोगमा केसियम कलेज काठमाडौंको विद्यार्थी टोली मुस्ताङ आएको हो ।

अध्ययन टोलीमा कलेजका मुख्य अनुसन्धानकर्ता रितेश ठाकुर र सहायक अनुन्धानकर्ता सहिसा दिक्षित र सिजन नेपानी छन् । टोलीले गण्डकी प्रदेशका कास्की, तनहुँ, लमजुङ, बागलुङ र त्यसपछि मुस्ताङ गरी ५ जिल्लामा महिल उद्यमी अनुसन्धानात्मक अध्ययन सुरु गरेको हो । अध्ययन टोलीले गरेको विद्युतीय अनुसन्धानपछि सोको प्रतिवेदन दक्षिण एसियाली महिला विकास मञ्चमा बुझाइने टोलीकी सिजन नेपानीले जानकारी दिइन् । उनले महिला उद्यमीको सीप र क्षमता विकास गराई प्रविधि मैत्री बनाउन टेवा पुग्ने उल्लेख गरिन् ।

बदलिँदो डिजिटल युगमा महिला उद्यमीले सहज रुपमा वित्तीय कारोबार गर्न अनुसन्धानले सहयोग पुग्ने मुख्य अनुसन्धानकर्ता रितेश ठाकुरले बताए । उनले यो अनुसन्धानले मुस्ताङका महिला उद्यमीको वर्तमान अवस्था र उनीहरुलाई डिजिटल प्रविधिमा रुपान्तर गर्न टेवा पुर्‍याउने कार्यक्रमको मुख्य लक्ष्य छ ।

जिल्ला समन्वय समिति मुस्ताङकी प्रमुख माया गुरुङले महिला उत्थानका लागि महिला उद्यम विकासलाई थप सृजनशील र वैज्ञानिक बनाउँदै लैजानुपर्ने बताइन् । मुस्ताङ महिला उद्यमी संघकी अध्यक्ष सुकुन रसाइलीले महिला हिंसा र विभेद न्यूनीकरण गर्न महिला आर्थिक रुपले समृद्ध हुनुपर्ने उल्लेख गरिन् ।


हामीलाई FOLLOW गर्नुहोस्
twitter.com/ samadhan_news



We Accept
fonepay
Samadhan Media Pvt. Ltd.
eSewa



## कस्मेटिक जुत्ता, चप्पल पसल बिक्रीमा

पोखरा–१, बगर, ट्याक्सीचोकमा अत्यन्त चालु अवस्था रहेको कस्मेटिक जुत्ता, चप्पल पसल विशेष कारणबस तु–बिक्रीमा छ ।
सम्पर्क:
98291-14829, 98171-17467



## आवश्यकता

यस स्टेशनरी पसलको लागि एक जना पुरुष कर्मचारी तुरुन्त चाहियो ।
नजिक बस्नेलाई प्राथमिकता ।
तलब: आपसी समझदारीमा ।
सम्पर्क:
अस्मिता ट्रेड कर्न्सन
पोखरा–८, सिर्जनाचोक
फोन नं.: ०६१–५८८९८८


## बीमा लेख हराएको सूचना

यही मिति २०७९/६/२२ गते मेरो निम्न व्यहोरा भएको बीमा लेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : **सुप्रीया घर्ति**
ठेगाना : **पुतलीबजार न.पा.–२, स्याङ्जा**
बीमा लेख नं.: **१३०००५४०७**
कम्पनी नाम: **लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
सम्पर्क: **९८४६०५२३४१**

## हार्दिक समवेदना

*इन्द्रै बिन्ती गरून् झुकेर पथमा, त्यो बिन्ती मान्दैन त्यो॥*
*आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो॥*



**जन्म मितिः** वि.सं. १९९५/०५/१२

**स्वर्गारोहण मितिः** वि.सं. २०७९/०८/०४

**स्व. दुर्गादत्त पौडेल**

माछापुच्छ्रे गाउँपालिका वडा न.६ धिताल स्थायी ठेगाना भइ पोखरा महानगरपालिका, २० नं. वडा कार्यालयका कर्मचारी **श्री अर्जुन प्रसाद पौडेल**का पिता **दुर्गा दत्त पौडेल**को ८५ वर्षको उमेरमा मिति २०७९ मंसिर ०४ गते भएको असामायिक स्वगारोहरणले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, शोकसन्तप्त सम्पूर्ण परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

**गंगा बहादुर खत्री**
वडा अध्यक्ष *तथा*
**पोखरा महानगरपालिका**
**वडा न. २० परिवार**

## लिलाम बिक्री सम्बन्धी सूचना

यस **लेखनाथ बचत तथा ऋण सहकारी संस्था**को नाममा रहेको तपसिल बमोजिमको **स्कुटर लिलाम बढाबढमा बिक्री** गर्नु पर्ने भएकाले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र इच्छुक व्यक्तिले आवस्यक प्रक्रिया पुर्‍याई कार्यालयमा सम्पर्क गर्न हुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

**सवारी नं.** : ग ११ प ३०१३
**कम्पनी** : हिरो
**तपसिल :** इन्जिन नं. JFI6EFGGA02295,
**च्यासिस नं :** MBLJF16EUGGA01651,
सि.सी १११ र मोडल सन् २०१६

**सम्पर्क:**
**लेखनाथ बचत तथा ऋण सहकारी सस्था लि.**
पोखरा २६ अर्घौचोक कास्की

**फेवा सिल्टेसनको सेवा स्वच्छ हराबरा र फराकिलो फेवा**

## फेवा सिल्टेसन प्रा.लि.

पोखरा २३, कास्की, फोन नं.: ९८५६०-८७०४९

## सिल्टेसन ड्याम निर्माण कार्यका लागि सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०७९/०८/१६ गते

यस प्रा.लि.ले हर्पन खोला र अँधेरीखोलाको सिल्टेशन ड्याम निर्माण कार्यका लागि सिलबन्दी बोलपत्रद्वारा गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट ईजाजत (मान्यता) प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तहरुका अधिनमा रही रितपूर्वक सिलबन्दी बोलपत्र आव्हान गरिएको व्यहोरा ईच्छुक सम्बन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

१. बोलपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० दिन भित्र चालु आर्थिक बर्ष का लागि नवीकरण भएका ईजजाजतपत्र आयकर दर्ता र मु.अ. कर दर्ता र गत आ.ब. को कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदनसाथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरि) तिरी इच्छुक बोलपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
२. खरिद भएका बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १२ औं दिनको १२:०० बजेभित्र सिलबन्दी लाहाछाप गरि खाममा विवरण प्रष्ट खुलाई यस प्रालिको कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोहि दिनको २:०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगतै कार्यालय खुलेको दिन सोहि समय अनुसार हुनेछ ।
४. म्याद नाघी आएका, रित नपुगेका र शर्त राखिएका बोलपत्र उपर कुनै कारबाही हुने छैन।
५. बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मुल्य अभिबृद्धि कर बाहेकको रकम उल्लेख गर्नुपर्नेछ । सो दररेट अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।
६. यस कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिकरुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरिक्षत हुनेछ ।
७. बोलपत्र स्वीकृत भएपछि कबुल ठेक्का अंकको २५ प्रतिशतले हुन आउने रकम बराबरको नगद जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १ बर्ष म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाउँमा जारी गरिएको कार्य जमानतपत्र (परफरमेन्स बन्ड) सम्झौता अघि पेश गर्नुपर्नेछ ।
८. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
९. यस सुचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।
१०. बोलपत्र सम्बन्धी कुनै विवाद आएमा प्रचलित कानुन बमोजिम आपसी सहमतिमा समाधान गरिनेछ ।
११. सिलबन्दी बोलपत्रमा कामको विवरण निम्नानुसारको हुनेछ ।

| सी. नं. | बोलपत्र दरभाउपत्र नं. | कामको विवरण | सिलबन्दी बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | FS–SQ–001/ 079/080 | हर्पन खोला सिल्टेसन ड्याम निर्माण कार्य | ५०००/- | |
| २ | FS–SQ–002/ 079/080 | अधेरी खोला सिल्टेसन ड्याम निर्माण कार्य | ५,०००/- | |

प्रमुख कार्यकारी अधिकृत

## हार्दिक समवेदना

*इन्द्रै बिन्ती गरून् झुकेर पथमा, त्यो बिन्ती मान्दैन त्यो॥*
*आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो॥*



**जन्म मितिः** वि.सं. १९९५/०५/१२

**स्वर्गारोहण मितिः** वि.सं. २०७९/०८/०४

**स्व. दुर्गादत्त पौडेल**

हाम्रा सहकर्मी पोखरा महानगरपालिका कार्यालयमा कार्यरत मित्र **भरतराज पौडेल र अर्जुन पौडेल**का पिता **दुर्गादत्त पौडेल**को यही मिति २०७९/०८/०४ गतेका दिन ८५ वर्षको उमेरमा असायमिक एवं दुःखद निधन भएकोमा हामी अत्यन्त स्तब्ध एवं मर्माहित भएका छौ । असिम दुःखको यस घडीमा व्रम्हलिन पिताजीको चिरशान्ति एवं श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त हाम्रा सहकर्मी मित्रहरुका साथै पौडेल परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौ ।

**नारायण प्रसाद शर्मा** **सोमनाथ लम्साल**
**राममणि अधिकारी** **मुक्ति बहादुर मगर**

**पोखरा महानगरपालिका कार्यालय**
**कानून तथा मुद्दा महाशाखा परिवार**

## दुवै नाम र जन्ममिति एउटै व्यक्तिको भएको सूचना



**सेतीकला गुरुङ**
**भन्ने**
**सेतीकला गुरुङसेनी**

साविक गण्डकी अञ्चल, कास्की जिल्ला सार्दीखोला गा.वि.स. वडा नं. ७, हाल: गण्डकी प्रदेश, माछापुच्छ्रे गाउँपालिका वडा नं. २, कास्की निवासी भारतीय भु.पु.सै.नं. GR 5341002 का **मान धोज गुरुङ**को पत्नी **सेतीकला गुरुङ**को नेपाली नागरिकताको प्रमाण पत्रमा नाम थर **सेतीकला गुरुङ** जन्म मिति: 10 November 1967 र उहाँको श्रीमानको भारतीय पेन्सन पट्टामा पत्नीको नाम थर **सेतीकला गुरुङसेनी** जन्म मिति: 10 Jun 1965 भइ नेपाली नागरिकता र पेन्सनपट्टामा नाम र जन्म मिति फरक परेको भएता पनि उल्लेखित नाम र जन्म मिति भएको **सेतीकला गुरुङ र सेतीकला गुरुङसेनी** भन्ने व्यक्ति एउटै हो भनी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# सडक महोत्सवका लागि २४ उपसमिति



**समाधान संवाददाता**
पोखरा, १५ मंसिर

रेस्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) पोखराले अंग्रेजी नयाँ वर्षमा गर्दै आएको सडक महोत्सवलाई सभ्य र भव्य रुपमा सम्पन्न गर्नका लागि विशेष साधारण सभामार्फत सुझाव संकलनसहित विभिन्न उपसमिति गठन गरेको छ ।

२४ औं संस्करणसम्म आईपुग्दा महोत्सवलाई कसरी थप प्रभावकारी र फरक बनाउनसकिन्छ भन्ने विषयमा विशेष साधारण सभा केन्द्रित भएको रेवानका अध्यक्ष नरेश भट्टराइले बताए । उनले भने, 'सडक महोत्सव पोखराको पर्यटन क्षेत्रको एउटा ब्रान्ड बनेको महोत्सव हो, २४ औं सडक महोत्सवको तयारी गरिरहँदा यसलाई थप प्रभावकारी कसरी बनाउन सकिन्छ भनेर पहिलो चरणमा रेवानका सदस्यहरुबाट सुझाव संकलन गरेर उपसमितिहरु बनाएका छौं ।'

उनले पहिलो चरणमा रेवानका सदस्यहरुबाट सुझाव लिएको र दोस्रो तेस्रो चरणमा पर्यटन विद् लगायत पर्यटन सम्बद्ध संघ, संस्था, जनप्रतिनिधि, आमा समूह, युवा क्लब, टोल विकास संस्थासँग छलफल गरेर सुझाव लिइने सुनाए ।

बदलिँदो समय अनुसार महोत्सवमा नवीनतम सोच र त्यही अनुसारका गतिविधि समावेश गर्नका लागि विभिन्न २४ उपसमिति गठन गरेर जिम्मेवारी बाँडफाँडसमेत गरेको रेवानका प्रथम उपाध्यक्ष विश्वराज पौडेलले बताए ।

सो अवसरमा अग्रज पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले महोत्सव कुनै एक संस्थाको मात्र नभई पोखराको पर्यटन क्षेत्रको प्रवर्द्धन र व्यवसायिक हितका लागि भएकाले सबैले अपनत्व लिएर महोत्सवमा सम्पन्न गर्न सहयोग गर्नुपर्ने धारणा राखे । रेवानले हरेक वर्ष पुस १३ बाट १७ गतेसम्म ५ दिन सडकमै खाँउ सडमै रमाउँ भन्ने नाराका साथ खाना संस्कृति प्रवर्द्धन गर्ने उद्देश्यसहित यो महोत्सव गर्दै आएको छ ।

# मानवसेवालाई दीपकले साढे ५ लाख दिने

**समाधान संवाददाता**
पोखरा, १५ मंसिर



पोखराका युवा व्यवसायी दीपक कार्की मानवीय सेवामा पनि उत्तिकै सक्रिय छन् । सिटिजन फर्निचरका सञ्चालक कार्कीले स्थापना कालदेखि मानवसेवा आश्रमका लागि तन, मन, धनले सहयोग गर्दै आएका छन् ।

उनले यस पटक आश्रमको १ कोठा निर्माणका लागि ५ लाख ५५ हजार ५ सय ५५ सहयोग गर्ने घोषणा गरेका छन् । मानवता प्रवर्द्धन अभियानमा समेत सक्रिय कार्की जन्मदिन होस् या देउसी भैलो आश्रमका हरेक कार्यक्रममा सरिक हुने र सहयोग गर्नै गर्छन् । 'आश्रमले जुन काम गरिरहेको छ, त्यो हामी कसैले चाहेर पनि गर्न सक्दैन, उहाँहरुको अभियानमा बाहिरबाट सहयोगमात्रै गर्न सक्छौं,' उनले भने ।

परोपकारी व्यक्तित्वको साथ र सहयोगले पोखराको आश्रम सेवा सञ्चालनमा सहयोग पुगेको आश्रमका केन्द्रीय कोषाध्यक्ष होमनाथ तिमिल्सिना बताउँछन् । पोखरा महानगरपालिका २५ हेमजाको बाबियातरामा आश्रमले १० करोडको लागतमा आश्रमको भवन निर्माण थालेको छ । सोही भवन निर्माणमा आर्थिक सहयोग जुटाउनुका साथै मानवता प्रवर्द्धन गर्ने उद्देश्यले आश्रमले नेपथ्य ब्यान्डसँगको सहकार्यमा आउँदो पुस १२ गते पोखराको प्रदर्शनी केन्द्रमा नेपथ्य लाइभ कन्सर्ट पनि गर्दै छ ।

**पोखरा २५ हेमजाको बाबियातरामा बनिरहेकोआश्रमको १ कोठाको लागत उनले व्यहोर्ने भएका छन्**

कन्सर्टका लागि टिकट बिक्री जारी रहेको र सहप्रयोजक तथा प्रायोजकका लागि इच्छा व्यक्त गर्ने संघसंस्थासँग छलफल चलिरहेको आश्रमले जनाएको छ । मानव सेवा आश्रमले यस पटक मानवता प्रवर्द्धनका साथै सहयोगापेक्षी सडक मानवका लागि दीगो आर्थिक व्यवस्थापन गर्न अक्षयकोष निर्माणको लक्ष्यसहित देशका प्रमुख १० सहरमा उक्त कन्सर्ट गर्दै छ ।

कन्सर्टको पहिलो कार्यक्रम शुक्रबार विराटनगरबाट सुरु हुँदै छ । महिनाव्यापी संगीत याताको अभियानअन्तर्गत मंसिर १९ गते वीरगञ्जको आदर्शनगर रंगशाला, २२ गते हेटौंडाको भुटनदेवी स्कुलचौर, २५ गते भरतपुरको क्याम्पाचौर, २९ गते नेपालगञ्जको रंगशालामा हुनेछ ।

पुस ३ गते धनगढी रंगशाला, ६ गते सुर्खेतको खुल्लामञ्च, ९ गते बुटवलको कालिका मानवज्ञान मावि सेक्टर २ (रामनगर) मैदान, १२ गते पोखराको प्रदर्शनी केन्द्रमा र अन्तिम कार्यक्रमको रुपमा १६ गते काठमाडौंको भृकुटीमण्डपमा कार्यक्रम हुनेछ ।

# बाराही स्कुल ६६ वर्षमा

पोखरा, १५ मंसिर (समाधान)- पोखरा महानगरपालिका वडा नम्बर ५ मालेपाटनको बाराही माध्यमिक विद्यालयले बिहीबार ६५ औं वार्षिकोत्सव तथा अभिभावक दिवस मनाएको छ । वार्षिकोत्सव समारोहमा शैक्षिक, खेलकुद तथा अतिरिक्त क्रियाकलापमा विजयी विद्यार्थीलाई पुरस्कार वितरण गरिएको व्यवस्थापन समितिका अध्यक्ष निर्मल खत्रीले बताए ।

समारोहमा प्रधानाध्यापक शिवप्रसाद भण्डारी, शिक्षक शम्भुप्रसाद भण्डारी दीर्घसेवा सम्मान तथा शिक्षक छवीकुमारी सापकोटालाई वर्ष शिक्षक सम्मान गरिएको अध्यक्ष खत्रीले बताए । कार्यक्रममा चलचित्रकर्मी ताराबहादुर गुरुङलाई समेत सम्मान गरिएको छ । सो अवसरमा प्रधानाध्यापक शिवप्रसाद भण्डारी र शिक्षक शम्भुप्रसाद पराजुलीलाई दीर्घसेवा सम्मान, शिक्षक छवीकुमारी सापकोटालाई वर्ष शिक्षक सम्मान गरिएको थियो । वार्षिकोत्सवका अवसरमा विद्यालयले सप्ताहव्यापी रुपमा साँस्कृतिक, बौद्धिक क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रम गरेको छ ।

कार्यक्रममा पोखरा ५ मालेपाटन निवासी चक्रपाणि सुवेदीले आफ्ना माता-पिता जीवनाथ-देउरुपा स्मृतिमा १ लाख ५१ हजारको अक्षयकोष स्थापना गरे । विद्यालयका प्रधानाध्यापक शिवप्रसाद भण्डारीले प्रगति प्रतिवेदन पेश गरे । गण्डकी विश्व विद्यालयका कुलपति प्राडा गणेशमान गुरुङले सार्वजनिक शिक्षाको सुधार गर्नुपर्नेमा जोड दिए । 'पोखरा आसपासको शैक्षिक विकास तथा सार्वजनिक शिक्षाको सुधारमा विद्यालयको योगदान छ,' उनले भने, 'शिक्षक अभिभावक र विद्यार्थीको त्रिकोणात्मक प्रयासबाट शिक्षा क्षेत्रमा परिवर्तन गर्न सकिन्छ ।' उनले विद्यालय शिक्षालाई समय सापेक्ष र गुणस्तरीय बनाउनु पर्ने बताए ।

पोखरा महानगरपालिका वडा नम्बर ५ का अध्यक्ष विष्णुप्रसाद बरालले वडाको शिक्षाको अवस्था सुधार्न प्रयास गर्ने उल्लेख गरे । उनले सरोकारवालाको समन्वय र सहकार्यमा सार्वजनिक शिक्षालाई व्यवस्थित बनाउने बताए । पोखरा महानगरपालिका शिक्षा महाशाखाका प्रमुख हेमप्रसाद आचार्यले माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी पाएको महानगरले समग्र शैक्षिक विकास तथा सुधारमा ध्यान दिने बताए ।

कार्यक्रममा पोखरा ५ का निवर्तमान अध्यक्ष धनबहादुर नेपाली, बम्हकुमारी सुधा, समाजसेवी पुरुषोत्तमप्रसाद पराजुली, व्यवस्थापन समितिका पूर्व अध्यक्ष द्रोणराज अधिकारी, पूर्व प्रधानाध्यापक सोमनाथ भुर्त्याल, शिक्षासेवी पुष्पराज बराल, वडा नम्बर ५ का वडा सदस्य हरिमाया विक, पूर्व जनप्रतिनिधि उज्ज्वल खत्री, अक्षयकोष दाता चक्रपाणि सुवेदी, विद्यार्थी कृति ढकाल लगायतले बोलेका थिए ।

# १९ गते नारायणगोपाल साँझ

**समाधान संवाददाता**
पोखरा, १५ मंसिर

स्वरसम्राट नारायणगोपाल गुरुवाचार्यको पुण्यतिथिमा पोखरामा 'नारायणगोपाल स्मृति साँझ-२०७९' हुने भएको छ । रेडियो अन्नपूर्ण, पोखरेली युवा सांस्कृतिक परिवार र पोखरा सांगीतिक कलाकार संघको संयुक्त आयोजनामा मंसिर १९ गते सोमबार कार्यक्रम आयोजना हुन लागेको हो ।

गैह्रापाटनस्थित पोखरा उद्योग वाणिज्य संघको अमृतकक्षमा हुने स्मृति साँझमा रामभक्त जोजिजु, विनोद बानियाँ, इतु जोजिजु, सन्तोष बस्याल, एमडी काफ्ले, रजनी राई र उषा गुरुङले नारायणगोपालद्वारा संगीत तथा स्वरवद्ध गीत प्रस्तुत गर्ने छन् ।




विस १९९६ साल असोज १८ गते काठमाडौंको किलागलमा जन्मिएका उनको २०४७ मंसिर १९ गते ५१ वर्षमा निधन भएको थियो । डिस्क र टेपमा गरी उनका १ सय ३६ वटा गीत रेकर्ड छन् ।

स्वरसम्राट नारायणगोपालका गीतलाई पछिल्लो पुस्तामाझ चिनाउने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको रेडियोका अध्यक्ष विश्वशंकर पालिखेले बताए । अग्रज स्रष्टाको योगदानको कदर स्वरुप स्मृति साँझ आयोजना गरिने सांस्कृतिक परिवारका अध्यक्ष उपेन्द्र पौडेल र कलाकार संघका अध्यक्ष सुनील थापाले बताए ।

विगत केही वर्षदेखि रेडियोले स्मृति दिवसका अवसरमा विभिन्न कार्यक्रम गर्दै आएको छ । कार्यक्रमको रेडियो अन्नपूर्ण, पब्लिक एफएम र अनलाइन अन्नपूर्णबाट समेत प्रत्यक्ष प्रशारण गरिनेछ ।

# पारखीको 'मनको मन्दिर'

पोखरा, १५ मंसिर (समाधान)- जापानमा बसेर साहित्य लेखनमा सक्रिय केबी पारखीको मनको मन्दिर मुक्तक संग्रह हालै प्रकाशित भएको छ । नेपाल मुक्तक प्रतिष्ठान काठमाडौंले आयोजना गरेको कार्यक्रममा कृति सार्वजनिक गरिएको छ ।





समाजमा भएका विकृति विसङ्गति, जीवनका उतारचढाव, प्रेम, बिछोड, राजनीति, जीवन दर्शन, मानवीय प्रवृत्ति, देशप्रेम र आँसु, हाँसोका अनुभूति उनका मुक्तकमा समेटिएका छन् । सङग्रहमा १५२ मुक्तक समावेश गरिएका छन् ।

सानैदेखि साहित्य लेखनमा रूचि राख्ने उनले लेखनसँगै पत्रकारिता तथा साहित्यिक संघ, संस्थामा महत्वपूर्ण सक्रियता जनाइरहेका छन् । उनी अनेसास, साहित्यिक चौतारी, मुक्तक सागर, मुक्तक प्रतिष्ठान जस्ता संस्थामा पनि आवद्ध छन् । लेखक स्वयं प्रकाशक रहेको मुक्तक सङग्रहको मूल्य २ सय ५० रुपैयाँ छ ।




# हारेर पनि अन्तिम १६ मा पोल्यान्ड



**समाधान संवाददाता**
पोखरा, १५ मंसिर

अर्जेन्टिना र पोल्याण्ड कतारमा जारी विश्वकप फुटबल २०२२ को अन्तिम १६ मा प्रवेश गरेका छन् । बुधबार भएको खेलमा पोल्यान्डलाई २-० ले हराउँदै अर्जेन्टिनाले माथिल्लो चरणमा आफ्नो स्थान पक्का गरेको हो । अर्जेन्टिनाले समूह चरणका दुई खेलमा जित हात पार्दै ६ अंक हात पारेको हो ।

३ खेलबाट ४ अंक हात पारेको पोल्यान्ड पनि समूहको उपविजेताको रुपमा माथिल्लो चरणमा पुगेको छ । यद्यपि समान ४ अंक हात पारेको मेक्सिको भने समूह चरणबाटै बाहिरिएको छ । अन्तिम खेलमा साउदी अरेबियालाई २-१ ले पराजित गरेर पनि मेक्सिको समूह चरणबाटै बाहिरिएको हो । मेक्सिको ४४ वर्षमा पहिलोपटक समूहचरणबाटै बाहिरिएको हो । पोल्यान्ड र मेक्सिकोबीच अंक बराबर भए पनि गोल अन्तरको आधारमा पोल्यान्ड माथिल्लो चरणमा पुगेको हो ।

अमेरिका फिफा विश्वकप २०२२ को अन्तिम १६ मा प्रवेश गरिसकेको छ । मंगलबार मध्य राति भएको खेलमा इरानलाई १-० गोल अन्तरले पराजित गर्दै अमेरिकाले अन्तिम १६ मा आफ्नो स्थान पक्का गरेको हो । समूह बीमा रहेको अमेरिकाले ३ खेलबाट ५ अंक हात पारेको छ । इरानले भने समान खेलबाट ३ अंकमात्र जोड्न सक्यो । ७ अंक जोडेको इंग्ल्यान्ड समूहको शीर्षस्थानमा रह्यो । अब क्वार्टरफाइनल प्रवेशका लागि अमेरिकाले समूह ए को विजेता नेदरल्यान्ड्ससँग प्रतिस्पर्धा गर्नेछ ।

# ५१ वर्षपछि ट्युनिसियाले फ्रान्सलाई हरायो

**समाधान संवाददाता**
पोखरा, १५ मंसिर

५१ वर्षपछि ट्युनिसियाले फ्रान्सलाई पराजित गरेको छ । विश्वकप फुटबलको समूह चरणको अन्तिम खेलमा समूहको बलियो टोली फ्रान्स १-० ले पराजित भएको हो । खेलको अन्तिम मिनेटमा एन्टोनी ग्रिजम्यानले गोल गरे पनि अफसाइड हुँदा ट्युनिसियाले खेल जितेको हो । दुई खेलमै नकआउटमा स्थान पत्ता गरेपछि प्रमुख खेलाडीलाई विश्राम दिँदा साविक विजेताले पराजय व्यहोर्नु परेको हो ।

पराजयपछि पनि फ्रान्स समूह विजेताका रुपमा नकआउटमा पुगेको छ । ऐतिहासिक जित पछि पनि ट्युनिसिया भने विश्वकपमा पहिलो पटक नकआउटमा पुग्ने सपना पूरा हुन सकेन । समूहकै अर्को खेलमा अष्ट्रेलियाले डेनमार्कलाई पराजित गर्दा ट्युनिसियाको सपना चकनाचुर भएको हो। ।



ट्युनिसियाको जितमा ५८ औं मिनेटमा वाहबी खज्रीले गोल गरे । पछि परेपछि फ्रान्सले प्रमुख खेलाडीलाई मैदान उतारे पनि ट्युनिसियाको डिफेन्स छिचोल्न सकेन ।

१९७१ मा ट्युनिसियाले फ्रान्सलाई २-१ ले पराजित गरेको थियो । त्यसपछिका दुई खेल बराबरीमा सकिए पनि २ खेल फ्रान्सले जितेको थियो । २००८ मा ३-१ ले पराजित भएको ट्युनिसिया २०१० मा १-१ को बराबरी खेलेको थयो ।

फ्रान्सले सुरुका दुवै खेल जितेको थियो । ट्युनिसियाले भने डेनमार्कसँग बराबरी खेलेको थियो । यसअघिका ५ वटा विश्वकपमा सहभागी भएको ट्युनिसिया सबै विश्वकपमा समूह चरणबाटै बाहिरिएको छ । ट्युनिसिया छैटौंपटक पनि समूह चरणबाटै बाहिरिएको हो ।

**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय**: नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com